## म्याङलुङ्ग नगरपालिकाको पन्ध्रौ नगरसभाको तस्रो बैठकमा प्रस्तुत

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
कोशी प्रदेश नेपाल
स्था : २०७३

# आर्थिक वर्ष २०८२/८३ को बजेट बक्तव्य

## म्याङलुङ्ग नगरपालिका तेह्रथुम

२०८२ साल भाद्र १५ गते

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

सभाको सभाध्यक्ष महोदय,

म्याङलुङ नगरपालिकाको पन्ध्रौ नगरसभाको बैठकको अध्यक्षता ग्रहण गर्नु हुने श्री संजयकुमार तुम्वाहाम्फे ज्यू , सभाका सचिव श्री रविन कार्की ज्यू, नगरसभाका सदस्य ज्यूहरु, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी एवं उपस्थित अन्य महानुभावहरुमा सर्वप्रथम यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टक्र्याउन चाहन्छु ।

देश र नागरिकको स्वतन्त्रता, सार्वभौमिकता तथा राजनीतिक एवं सामाजिक परिवर्तनका खातिर आफ्नो प्राण आहुती गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदहरुको सपना र मार्गदर्शन अनुरुपको समृद्ध नेपाल निर्माण गर्ने यो महान यात्रामा विचलित नभई निरन्तर रुपमा अगाडि बढ्ने प्रण गर्दछु ।

यस नगरपालिकाको आन्तरिक राजश्व संकलनका क्षेत्रहरु सीमित हुनुका साथै आन्तरिक आय न्यून रहनेहुदाँ माथिल्लो तहका सरकार बाट प्राप्त हुने अनुदानमा निर्भर रहनु पर्ने बिद्यमान अवस्था छ । आर्थिक बर्ष २०८१/०८२ मा संघीय सरकार र प्रदेश सरकार बाट प्राप्त हुने अनुदानमा कटौती भएको हुदाँ गत बर्ष तय गरिएका बिभिन्न योजना तथा कार्यक्रमहरु समयमै सञ्चालन हुन सकेनन । स्थानीय तहको जिम्मेबारी तथा सीमित स्रोत साधनका बीचमा आवश्यक तालमेल मिलाई नगरबासीहरुको बिकास र समृद्धीको चाहना पूरा गर्न नगरपालिका सामु चुनौति थपिएको छ । यसका बाबजुद सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै नगरबासीहरुको विकासको चाहना पूरा गर्न नगरपालिका तल्लिन रहेको अवगत गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

सर्वप्रथम म आर्थिक बर्ष २०८२।८३ को लागि म्याङलुङ नगरपालिकाको बिनियोजन बिधयेक २०८२ यस गरिमामय सभा समक्ष पेश गर्दछु ।

बजेट तर्जुमाको कार्य गरिरहदा नेपालको संविधानमा उल्लेख भएका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, यस सभाले स्वीकृत गरेका विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, निति तथा कार्यकम वडा भेलाका क्रममा आम नगरवासी नागरिकहरुबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छ ।

**१. बजेटका उद्देस्यहरु :**

- यस नगर क्षेत्रलाई नेपालकै एक नमूना, समृद्ध, व्यवस्थित, सुविधा सम्पन्न र सुन्दर तथा स्वच्छ शहरको रुपमा स्थापित गर्नु ।
- यस नगर क्षेत्रका अति बिपन्न, गरिव तथा किसानहरुका लागि उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी आयआर्जनमा बृद्धी गर्नु ।
- प्रत्येक नागरिकहरुको शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच स्थापित गर्नु ।
- बिकासका पुर्वाधारहरुको समुचित बिकास गर्नु

**२. योजना प्रथमिकिकरणका आधारहरु :**

मुलत बजेट निर्माण गर्दा निम्न अनुसारका क्षेत्रलाई आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारको रुपमा लिइएको छ ।

१) म्याङलुङ्ग नगरपालिकाको आ व २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम

२) दिगो बिकास लक्ष्य प्राप्त गर्ने कार्यकमहरु

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

३) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रमहरु

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
कोशी प्रदेश नेपाल
स्था : २०७३

४) उत्पादनमूलक र छिटो प्रतिफल दिने आयोजनाहरु

५) यूवा लक्षित स्वरोजगार बन्ने योजनाहरु

६) राजश्व परिचालनमा योगदान पुग्ने कार्यक्रमहरु

७) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने

८) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि हुने

९) समुदायलाई वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुग्ने

१०) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने

११) समपुरक तथा बिशेष अनुदान संचालन कार्यबिधीबाट तय भएका आधारहरु ।

**३. बजेटको लक्ष्य :**

१.म्याङलुङ्ग नगरपालिकामा जिवन्त रहेका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत पर्यटन विकास गरिनेछ ।

२.म्याङलुङ्ग नगरलाई शैक्षिक गन्तब्यको रुपमा विकास गर्दै कृषिमा आधुनिकीकरण एवम् साना घरेलु उद्योगलाई सवलीकरण गर्दै सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ ।

३. अपाङ, महिला, दलित, बालबालिका तथा विपन्न वर्गको शसक्तिकरणमा बिशेष जोड दिईनेछ ।

४.स्थानिय स्तरमै रोजगारीका अवसरहरुको पहिचान गर्दै स्वरोजगारका कार्यक्रमहरु ल्याईने छ ।

५. नगरक्षेत्र भित्र बिकासका पुर्वाधारहरुको सहज पहुँच स्थापित गरिने छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको लागि प्रस्ताव गरिएको आय-व्यय बिबरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१। **आय तथा व्ययको विवरण**

चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी कुल रकम **बयालिस करोड अन्ठाउन्न लाख अठार हजार आठ सय एघार** विनियोजन गरेको छ । संघिय तथा प्रदेश सरकार बाट बित्तिय समानिकरण र राजश्व बाडफाड अर्न्तगत प्राप्त रकम र आन्तरिक आय समेतको विनियोजन निम्न अनुसार छ ।

**आम्दानी तर्फ :**

१.बित्तिय सामानिकरण अनुदान संघीय सरकार रु ९ करोड १८ लाख

२.राजश्व बाडफाँड संघीय सरकार रु ७ करोड ६६ लाख ३४ हजार ८ सय ११

३. शसर्त अनुदान संघीय सरकार चालु रु १९ करोड ९४ लाख

४. शसर्त अनुदान संघीय सरकार पुजिंगत रु १ करोड ५० लाख

५. शसर्त अनुदान प्रदेश सरकार चालु रु ६० लाख ४७ हजार

६. शसर्त अनुदान प्रदेश सरकार पुजिंगत रु ५७ लाख १७ हजार

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

७. बित्तिय समानीकरण प्रदेश सरकार रु ८२ लाख ६० हजार

८. रावश्व बाँडफाड प्रदेश सरकार रु ७६ लाख ४५ हजार

९.समपुरक अनुदान प्रदेश सरकार रु ४५ लाख

१०. आन्तरिक श्रोत म्याङलुङ नगरपालिका १ करोड १५ लाख

**खर्च तर्फ :**

१. वडा चालु खर्च रु ५० लाख

२. वडा पुजिंगत खर्च रु ४ करोड ८५ लाख

३. कार्यपालिका सदस्य बिकास कार्यक्रम खर्च रु २४ लाख

४. न्यायिक समिति तथा उपमेयर लक्षित कार्यक्रम रु ६० लाख

५. नगरपालिका चालु खर्च रु ७ करोड ८९ लाख २४ हजार ८ सय ११

६. नगरपालिका पुजिंगत खर्च रु ५ करोड ५० लाख ३० हजार

**सभाध्यक्ष महोदय,**

अव म बजेटमा व्यवस्था गरिएका विशेष प्रावधानहरु यस गरिमामय सभा समक्ष उल्लेख गर्न चाहान्छु ।

१. कृषी तथा पशुपन्छी तर्फ रु ३५ लाख रकम बिनियोजन गरेको छु ।

२. गत आ.ब मा रकम अभाबका कारण सञ्चालन हुन नसकेका वडागत योजनाहरु सञ्चालनका लागि ४३ लाख ८० हजार रकम बिनियोजन गरेको छु ।

३. शैक्षिक गुणस्तर बृद्धी तथा ५ बर्षे शिक्षा योजना सहित शिक्षा क्षेत्रका लागि रु ३५ लाख ५० हजार रकम बिनियोजन गरेको छु ।

४. म्याङलुङ नगर क्षेत्र भित्र सञ्चालन हुने बिभिन्न खेलकुद तथा मेला महोत्सबका लागि आवस्यक व्यवस्था मिलाएको छु ।

५. जेष्ठ नागरिक, महिला, दलित तथा अपाङ्गहरुको समस्या सम्बोधन गर्दै सो को लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

६. गरिब तथा बिपन्न परिवार लाई मृत्यू दाहसंस्कार तथा मलामी खाजा बापत दिइदै आएको सहयोग लाई निरन्तरता दिएको छु ।

७. बिपतमा परेका नागरिक, गरिब तथा बिपन्न परिवार लाई उपचारार्थ दिदै आएको आवस्यक सहयोग लाई निरन्तरता दिएको छु ।

८. ढाका उद्योग तथा स्थानिय उत्पादनहरुको प्रबर्द्धन तथा बजारिकरणका लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

९. बिपत व्यवस्थापन प्रतिकार्यका लागि रु १० लाख बिनियोजन गरेको छु ।

१०.संघिय सरकार, प्रदेस सरकार तथा संघ सस्था सग साझेदारी कार्यक्रमका लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

११.मुख्य तथा ग्रामिण सडक तथा बिभिन्न भौतिक संरचना निर्माण तथा मर्मत सम्भारका लागि रु १ करोड ४६ लाख बिनियोजन गरेको छु ।

१३.बिभिन्न जाति, भाषा, धर्म, संस्कृती, साहित्य संरक्षण तथा सम्बर्धनका निमित्त रु अआवस्यक रकम बिनियोजन गरेको छु ।

१४.यूवा लक्षित प्राविधिक सिप तालिम तथा स्वरोजगार र उद्यमसिलता कार्यक्रम सबै वडामा संचालन गर्ने गरी आवस्यक रकम बिनियोजन गरेको छु ।

१५.आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणका लागि संघिय तथा प्रदेश सरकार संग आवस्यक पहल गरिनेछ ।

१६.न्यायिक समिति तथा गरिब लक्षित उप[illegible]र कार्यक्रम अन्तर्गत संचालन गरिने बिभिन्न कार्यकमका लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

१७.यसै आर्थिक बर्षमा म्याङलुङ बजार क्षेत्र भित्रका सडक कालोपत्रेको कार्य गरिने छ ।

१८.सहिद नेत्र गुरागाई पाथिभरा किरातेश्वर गढीयक निर्माण कार्य अघि बढाईने छ ।

१९. प्रत्येक वाडमा पुर्वाधार विकास लागि एक योजना छनौट गरी सो सम्पन्न गर्न आवस्यक रकम बिनियोजन गरेको छु ।

२०. जिरिखिम्ती बजारमा खुल्ला व्यायामशाला तथा आसौच गृह निर्माणका लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

२१. आन्तिरिक रावश्व संकलनमा बृद्धी गर्दै करका दायराहरु थप फराकिलो बनाई आन्तिरिक आय बृद्धी गरिनेछ ।

२२.म्याङलुङ नगरपालिका क्षेत्र भित्र एम्बुलेन्स सेवा पुर्णरुपमा निशुल्क गरिने छ भने नगर क्षेत्र बाहिरका लागि सहुलियत दरमा एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।

२३.ब्याकहो लोडर(जेसिबी)र सक्सन मेसिनको सेवा सुलभ दरमा उपलब्ध गराईने छ ।

२४.पर्यटकिय क्षेत्रको संरक्षण, प्रबर्धन तथा प्रसार प्रचारका लागि आवस्यक रकम बिनियोजन गरेको छु ।

२५.नगरक्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि प्रभाबकारी रुपमा कार्य संचालन गरिने छ ।

२६.स्वास्थ्य परिक्षण तथा निशुल्क औषधी बितरणको कार्यकम लाई निरन्तरता दिएको छु ।

२७.म्याङलुङ तथा जिरिखिम्ती बजारक्षेत्रमा सिसि क्यामरा थप गर्न आवस्यक रकम बिनियोजन गरेको छु ।

२८.गोर्खा वेल्फेयर ट्रष्ट नेपालले म्याङलुङ न.पा. वडा नं. १० स्थित सरस्वती मा.वी र म्याङलुङ न.पा. ९ स्थित रानि पोखरी आ.वी लाई विद्यालयको लागत साझेदारी सहित दिने वजेट स्विकार गर्ने निर्णय गरियो ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, सशर्त अनुदानको कार्यक्रम, वडाहरुको पुजिंगत तथा चालु खर्च लाई अनुसूचीमा राखी पेश गरेको छु ।

अन्त्यमा यो बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगरप्रमुख श्री संजय कुमार तुम्वाहाम्फे ज्यू तथा सहयोगी भुमिका निर्वाह गुर्नहुने प्रमुख प्रशासकिय अधिकृत, जनप्रतिनिधी लगायत सम्पूर्ण कर्मचारीहरु प्रति धन्यवाद ब्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको आ आफ्नो तह र तप्काबाट पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

**धन्यवाद**

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

**जमुना कार्की सुबेदी**
**नगर उपप्रमुख**

# म्याङलुङ नगरपालिकाको विनियोजन ऐन, २०८२

**म्याङलुङ नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

नगरसभाबाट पारित मितिः २०८२।०५।१५

प्रस्तावनाः म्याङलुङ नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पन्ध्रौं नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "म्याङलुङ नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी कुल **रु.४२,५८,१८,८११।-(बयालिस करोड अन्ठाउन्न लाख अठार हजार आठ सय एघार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) नगरपालिका तर्फको आय तथा व्ययको विवरण अनुसूची -१ अनुसार हुनेछ ।

(३) नगरपालिका तर्फको चालु खर्चको विवरण अनुसूची - २ अनुसार हुनेछ ।

(४) नगरपालिका तर्फको पुजींगत खर्चको विवरण अनुसूची-३ अनुसार हुनेछ ।

(५) न्यायिक समिति तथा गरिब लक्षित उपमेयर कार्यक्रमको विवरण अनुसूची-४ अनुसार हुनेछ।

(६) वडास्तरीय पुजींगत तथा चालु खर्चको विवरण अनुसूची -५ अनुसार हुनेछ ।

३. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८२।०८३ को निमित्त म्याङलुङ नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको निर्णयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सारिएको रकम आगामी नगरसभाबाट अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

४. सशर्त अनुदान र कार्यक्रम खर्च गर्ने अधिकारः

(१) म्याङलुङ नगरपालिकामा संघ र प्रदेश सरकारबाट सशर्त अनुदान वा कार्यक्रमको रुपमा प्राप्त हुने रकम सोही शर्तको अधिनमा रही विनियोजन एवं खर्च हुनेछ ।

५.खारेजी र बचाउः

(१)यस ऐनमा शीर्षकगत रुपमा विनियोजन भएका तर ऐन प्रारम्भ हुनु अघि कार्यान्वयन भएका कार्यक्रमहरु पनि यसै ऐन बमोजिम कार्यान्वयन भएको मानिनेछ।

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
कोशी प्रदेश नेपाल
स्था : २०७३

अनुसुची १

## म्याङलुङ नगरपालिका तेह्रथुम

आर्थिक वर्ष २०८२।०८३

### आम्दानी सिमा

| सि नं. | व्यहोरा | श्रोत | रकम |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण | संघीय सरकार | ९१८००००० |
| २ | राजश्व बाडफाँड | संघीय सरकार | ७६६३४८११ |
| ३ | शसर्त अनुदान-चालु | संघीय सरकार | १९९४००००० |
| ४ | शसर्त अनुदान-पुजिंगत | संघीय सरकार | १४३००००० |
| संघिय सरकार बाट प्राप्त हुने जम्मा रकम रु | | | ३८२१३४८११ |
| ६ | शसर्त अनुदान चालु | प्रदेश सरकार | ६०४७००० |
| ७ | शसर्त अनुदान-पुजिंगत | प्रदेश सरकार | ५७१७००० |
| ८ | वित्तिय सामानिकारण | प्रदेश सरकार | ८२६०००० |
| ९ | राजश्व बाडफाँड | प्रदेश सरकार | ७६६०००० |
| १० | समपुरक अनुदान | प्रदेश सरकार | ४५००००० |
| प्रदेश सरकार बाट प्राप्त हुने जम्मा रकम रु | | | ३२१८४००० |
| ११ | आन्तरिक श्रोत | म्याङलुङ नपा | ११५००००० |
| ंघिय सरकार प्रदेश सरकार र आन्तरिक स्रोत गरी जम्मा आ | | | ४२५८१८८११ |

### खर्च सिमा

| | | |
|---|---|---|
| १ | वडा पुजिगत | ४८५००००० |
| २ | वडा चालु | ५०००००० |
| ३ | कार्यापालिका सदस्य | २४००००० |
| ४ | न्यायिक समिति | ६०००००० |
| ५ | नगरपालिका चालु | ७८९२४८११ |
| ६ | नगर पुजिंगत | ५५०३०००० |
| **जम्मा (क)** | | १९५८५४८११ |
| ७ | शसर्त अनुदान-चालु संघीय सरकार | १९९४००००० |
| ८ | शसर्त अनुदान-पुजिंगत संघीय सरकार | १४३००००० |
| ९ | शसर्त अनुदान चालु प्रदेश सरकार | ६०४७००० |
| १० | शसर्त अनुदान-पुजिंगत प्रदेश सरकार | ५७१७००० |
| ११ | समपुरक अनुदान प्रदेश सरकार | ४५००००० |
| **जम्मा ख** | | २२९९६४००० |
| **जम्मा क र ख** | | ४२५८१८८११ |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम
कोशी प्रदेश नेपाल
स्था : २०७३

अनुसूचि २

नगरपालिका तर्फको चालु तर्फको खर्चको विवरण

| क्र.सं. | विवरण | विनियोजन |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २४३६६८७३ |
| २ | नगर प्रहरी ब्यवस्थापन तथा संचालन | १७००००० |
| ३ | सुरक्षित आवस गृह तथा कर्मचारी ब्यवस्थापन खर्च | १२०००० |
| ४ | पोशाक | ३७०००० |
| ५ | स्थानीय भत्ता | १२२८२०० |
| ६ | महंगी भत्ता | २०००००० |
| ७ | पदाधिकारीअन्य सुबिधा /चाडपर्व खर्च | ९६०२००० |
| ८ | पानी तथा बिजुली | ४००००० |
| ९ | संचार महसुल | ३००००० |
| १० | इन्धन (पदाधिकारी)तथा कार्यलय प्रयोजन | ३०००००० |
| ११ | गत आ.ब पदअधिकारी सेवा सुविधा | ३०२४००० |
| १२ | सवारी साधन मर्मत खर्च | २५००००० |
| १३ | नगरपालिका मतहतमा रहेका स्वास्थ्य संस्था तथा खोप केन्द्रको लागी मसलन्ध सामाग्री खरिद | १२०००० |
| १४ | मातहतका स्वास्थ्य संस्थाहरुमा औषधि खरीद | ५००००० |
| १५ | मसलन्द तथा कार्यालय सामाग्री | १०००००० |
| १६ | सेवा र परामर्श खर्च | १०००००० |
| १७ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १५०००० |
| १८ | करार सेवा शुल्क | १५०००००० |
| १९ | सडक वति विदयुत महशुल अनुदान तथा विदयुत कर्मचारी न.पा. | ७००००० |
| २० | नगरसभा कार्यपालिका बैठक संचालन खर्च | ८००००० |
| २१ | कर्मचारी बैठक भत्ता | ८००००० |
| २२ | अनुगमन, मूल्यांकन तथा यातायत खर्च | ८००००० |
| २३ | विविध खर्च गत वर्षको भूक्तानी | १०००००० |
| २४ | घरभाडा | ६००००० |
| २५ | पंजिकरण शाखाको लागी वायोमेट्रिक डिभाईस खरिद | २००००० |
| २६ | बाल शिक्षक तथा विद्यालय कर्मचारी छुट तलब भत्ता | ४९०००० |
| २७ | बाल शिक्षक तथा विद्यालय कर्मचारी | ४५००००० |
| २८ | प्र.अ प्रोत्साहन भत्ता | २००००० |
| २९ | सामाजिक सुरक्षा कोष | ४०३७३८ |
| ३० | सवारि साधन नविकरण तथा विमा | १०५०००० |
| ३१ | मेशिनेरि औजार खरिद तथा मर्मत | ५००००० |
| ३२ | कर्मचारी कल्याण कोष | ५००००० |
| | **कुल जम्मा** | **७८९२४८११** |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

## अनुसूची ३ :

## नगरपालिका तर्फको पुर्जीगत खर्चको विवरण

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | **कृषि तथा पशूपंक्षि** | **३५00000** |
| १.१ | आधूनिक कृषि उपकरण, पाईप, टनेल, थोपा सिंचाई वितरण न.पा. | ८00000 |
| १.२ | विभिन्न पशूपंक्षिका रोग विरुद्ध खोप तथा औषधि खरीद न.पा. | ७00000 |
| १.३ | च्याप कटर तथा हाते ट्याक्टर, मिल लागत साझेदारी कार्यक्रम | २000000 |
| २ | **शिक्षा** | **३५५0000** |
| २.१ | ५बर्षे नगरशिक्षा योजना कार्यान्वयन | ५00000 |
| २.२ | नगर शिक्षा समिति तथा प्र-अ बैठक संचालन | ७00000 |
| २.३ | कम्पुटर प्रस नभएका विधालयलाई कम्पुटर खरिद | ४00000 |
| २.४ | भौतिक संरचना मर्मत तथा शैक्षिक सामाग्रि वितरण न.पा. | ४00000 |
| २.५ | नगर स्तरिय बार्षिक परिक्षा सञ्चालन (कक्षा ५ र ८) | २00000 |
| २.६ | शैक्षिक क्यालेण्डर २0८२ कार्यक्रम कार्यान्वयन | २00000 |
| २.७ | शैक्षिक क्यालेण्डर २0८३ निर्माण | १५0000 |
| २.८ | म्याङ्लूङ तथा जिरिखिम्ति क्याम्पस संचालन तथा व्यवस्थापन अनूदान न.पा. | १000000 |
| ३ | **खेलकूद तथा मेला महोत्सव** | **३३५0000** |
| ३.१ | जाति धर्म भाषा संस्कृति संरक्षण तथा विभिन्न मेला उत्सव सम्वन्धि कार्यक्रम न.पा गत वर्षको भूक्तानी | १000000 |
| ३.२ | राष्टपती रनिग सिल्ड तथा विद्यालय खेलकूद प्रतियोगिता | ५00000 |
| ३.३ | नेत्र गूरागाई स्मृती गोल्ड कप फूटवल न.पा | ६00000 |
| ३.४ | खोरुण्डे कप फूटवल न.पा | ३00000 |
| ३.५ | सोनाम ल्योछार कप फूटवल वडा नं ३ न.पा | १00000 |
| ३.६ | हलिमेला भलिबल प्रतियोगिता | १५0000 |
| ३.७ | राष्टि्य, प्रदेश,स्थानीय तथा जिल्ला स्तरीय विभिन्न खेलकूद कार्यक्रममा साझेदारी न.पा गत वर्षको भूक्तानी | ७00000 |
| ४ | **निर्माण तथा मर्मत** | **१५६५0000** |
| ४.१ | खानेपानी मिटर जडान तथा मर्मत न.पा | ५00000 |
| ४.२ | खोरुङ्गा मलामिघाट निर्माण तथा शौचालय र खानेपानी व्यवस्थापन न.पा. | ७00000 |
| ४.३ | हलिमेला स्तम्भ ब्यबस्थापन | ३00000 |
| ४.४ | नारायणथान जिर्णोद्धार न.पा. | १000000 |
| ४.५ | सिंह बाहिनी मन्दिर स्तम्भ निर्माण तथा पाथिभरा मन्दिर | ५00000 |
| ४.६ | विपद् व्यवस्थापन,बाढि पहिरो,भूक्षय आगलागि नियन्त्रण न.पा. | १000000 |
| ४.७ | लामा आभास गृह निर्माण म्या न पा ३ न.पा | २00000 |
| ४.८ | गुम्वा ब्ववस्थापन म्या न पा १0 न.पा | १५0000 |
| ४.९ | ब्रम्हकूमारी राजयोग भवनमा फर्निचर ब्यवस्थापन | २00000 |
| ४.१0 | बलिहाङ सामुदायिक संस्था घेराबारा तथा भवन मर्मत | ३00000 |
| ४.११ | उद्योग बाणिज्य संघ | ४00000 |
| ४.१२ | निर्वाचन कार्यालय देखी जिल्ला अदालत सम्म सडक | २00000 |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम कोशी प्रदेश नेपाल स्था : २0७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| | | |
|---|---|---|
| ४.१३ | सरस्वती मा.बी जाने सडक स्तरोन्नती | २००००० |
| ४.१४ | सहिद नेत्र गुरागाई पाथिभरा किरांतेश्वर गढियक पर्वाधार निर्माण | ८०००००० |
| ४.१५ | कालिका मा.वी रेलिङ निर्माण | ५००००० |
| ४.१६ | जिरिखिम्ती आसोच गृह भवन निर्माण | ८००००० |
| ४.१७ | ८ नं. वडा कार्यलय भवन मर्मत | ४००००० |
| ४.१८ | म्याक्चना कृषी भवन देखी भूल्केमूल जाने सडक | २००००० |
| ४.१९ | नेपाल बार एसोसिएसन भवन निर्माण सहयोग | १००००० |
| **५** | **साझेदारी** | **१०२०००००** |
| ५.१ | करुणा फाउण्डेशन न.पा. | १२००००० |
| ५.२ | सहिद नेत्र गुरागाई पाथिभरा किरांतेश्वर गढियक पुर्वाधार निर्माण | ४०००००० |
| ५.३ | सडकवोर्ड साझेदारी न.पा. | ५००००० |
| ५.४ | संघिय सरकार,प्रदेश सरकार तथा स्थानीय संघ संस्थासंग साझेदारी न.पा. | ३०००००० |
| ५.५ | लालिगुरास पदमार्ग साझेदारी न.पा. | १५००००० |
| **६** | **जेष्ठ नागरिक तथा अति विपन्न सहयोग** | **२३०००००** |
| ६.१ | दैविक प्रकोपमा परेका, गरीव तथा विपन्न उपचार खर्च तथा आर्थिक सहयोग कार्यक्रम न.पा. | १०००००० |
| ६.२ | गरीव तथा विपन्न मृत्यु दाहसंस्कार,सव वहान तथा मलामि खाजा न.पा. | १०००००० |
| ६.३ | अशक्त तथा जेष्ठ नागरिकलाई यातायात व्यवस्थापन तथा सहायता वितरण न.पा. | ३००००० |
| **७** | **स्वास्थ्य तथा वातावरण** | **१०००००००** |
| ७.१ | वन सम्वन्धि कार्यक्रम भूक्षय नियन्त्रण तथा वृक्षारोपण न.पा. | १००००० |
| ७.२ | लागू पदार्थ दूर्व्यसनि नियन्त्रण कार्यक्रम न.पा. तालिम | २००००० |
| ७.३ | योग शिविर संचालन न.पा. | २००००० |
| ७.४ | नगर प्रमूख बिशेसज्ञ सेवा जिल्ला अस्पताल | ५००००० |
| **८** | **सूरक्षा तथा संचार** | **१७०००००** |
| ८.१ | जिरिखिमित तथा म्याङलूङ वजारमा सिसि क्यामेरा थप तथा मर्मत र म्याङलुङ नगरपालिकाको सिसि क्यामेरा मर्मत | ७००००० |
| ८.२ | रेडियो सुचना तथा संचार न.पा. सामूदायिक रेडियो पत्रपत्रिकामा अनलाईन मिडिया हाउस न.पा. | ५००००० |
| ८.३ | सूरक्षा निकाय संग साझेदारी कार्यक्रम न.पा. | ५००००० |
| **९** | **तालिम उद्यमशिलता तथा स्वरोजगार** | **२३०००००** |
| ९.१ | स्थानीय सामाजिक संघसंस्था सहयोग कार्यक्रम न.पा. | १०००००० |
| ९.२ | दलित लक्षित सिप तालिम स्वरोजगारी र उद्यमशिलता कार्यक्रम सवै वडामा न.पा. | ३००००० |
| ९.३ | ढाका उद्योग प्रवर्द्धन, तालिम प्रचार प्रसार अतिथि सत्कार तथा गत आ.ब को भूक्तानी न.पा. | १०००००० |
| **१०** | **धर्म संस्कृति,सहिद तथा अन्य** | **२६०००००** |
| १०.१ | सिंहवाहिनी मन्दिर, गूम्वा मठ मन्दिर तथा चर्च पूजा, पूजारी व्यवस्थापन तथा संचालन न.पा. | ३००००० |
| १०.२ | सहिद नेत्र गुरागाई स्मृति प्रतिष्ठान संचालन तथा व्यवस्थापन न.पा | ६००००० |

कोशी प्रदेश नेपाल
स्था : २०७३

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| | | |
|---|---|---|
| १०.३ | विभिन्न निकायमा अवलोकन भ्रमण तथा डेलिगेशन न.पा. गत बर्षको भूक्तानी | १५00000 |
| १०.४ | सहकारी अनूगमन परिचालन तथा क्षमता विकास तालिम कार्यक्रम न.पा. | २00000 |
| **११** | **वडागत पूर्वाधार बिकास** | **४५00000** |
| ११.१ | थापा चौतारा देखी कर्मी चौतारा सडक स्तरोन्नती वडा नं. १ न.पा | ४५0000 |
| ११.२ | बिर बहादुर तामागको घर देखी देउराली डाडा जोड्ने सडक स्तरोन्नती वडा नं. २ न.पा | ४५0000 |
| ११.३ | उराठे खेल मैदान स्तरोन्नती वडा नं. ३ न.पा | ४५0000 |
| ११.४ | ढलेवर देखी कोले चौतारा हूदै डाडाखर्क सडक स्तरोन्नती तथा डिपिआर वडा नं. ४ न.पा. | ४५0000 |
| ११.५ | थपा टोल नर्कटे खानेपानि मर्मत ५ नं. वडा न.पा | ४५0000 |
| ११.६ | वडा कार्यालय देखी अम्फूवा सडक स्तरोन्नती वडा नं. ६ न.पा | ४५0000 |
| ११.७ | जिरिखिम्ती आशौच गृह तथा बहूउद्येसिय सामूदायिक भवन निर्माण ७ नं. वडा न.पा | ४५0000 |
| ११.८ | केबेक देखी कोबेक पूछार हूदै अम्बूङ जाने सडक स्तरोन्नती वडा नं. ८ न.पा | ४५0000 |
| ११.९ | टूक्रे देखी एक्ले पिपल, गैरी गाउ हूदै वडा कार्यालय सम्म सडक स्तरोन्नती वडा नं. ९ न.पा | ४५0000 |
| ११.१० | गोरे बहादूर लिम्बूको घर देखी नया वस्तीहूदै एक्ले पिपल जोड्ने सडक स्तरोन्नती वडा नं. १० न.पा | ४५0000 |
| **१२** | **गत बर्षका वडागत योजना निरन्तरता** | **३७९६000** |
| १२.१ | कुलबहादुरको घर छेउदेखी कृष्णमायाको घर छेउ सम्म सडक स्तरोन्नती वडा नं १ न.पा | १00000 |
| १२.२ | श्रीदले खानेपानि उपभोक्ता समिति कार्यालय ब्यवस्थापन वडा नं १ न.पा | ९0000 |
| १२.३ | खानेपानी मुल संरक्षण वडा नं १ न.पा | ४0000 |
| १२.४ | भण्डारी टोल बिकास समुह वडा नं. २ न.पा | २00000 |
| १२.५ | सन्तोष तामाङको घर देखी माने सम्म सिंडी बाटो निर्माण वडा नं. २ न.पा | १00000 |
| १२.६ | डाँडा चौतारा देखी नयाँ घरेको घर सम्म सडक स्तरोन्नती वडा नं. ४ न.पा | १५0000 |
| १२.७ | दुग्द चिस्यान केन्द्र सहयोग वडा नं. ४ न.पा | ३0000 |
| १२.८ | श्री सिमिनाक्सी सहकारी संस्था वडा नं. ६ न.पा | ३00000 |
| १२.९ | पुच्छारेको घर बाट रिङरोड जाने सडक वडा नं. ६ न.पा | २00000 |
| १२.१० | अम्फुवा रिगरोड वाट मौले जोड्ने सडक वडा नं. ६ न.पा | २00000 |
| १२.११ | जिरिखिम्ती स्वास्थ्य चौकी ब्यवस्थापन वडा नं. ६ न.पा | ७५000 |
| १२.१२ | कालिमाटी धामीखोला खानेपानी मर्मत वडा नं. ६ न.पा | २00000 |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

| | | |
|---|---|---|
| १२.१३ | हुलाकेधारा भट्टराई टोल खानेपानी मर्मत वडा नं. ६ न.पा | ७५००० |
| १२.१४ | जिरिखिम्ती चौक देखी शिवमन्दिर छेउ हुदै कृषी भवन जोड्ने पैदल मार्ग निर्माण वडा नं. ७ न.पा | ३८५००० |
| १२.१५ | महिला तथा दलित लक्षित कार्यकम वडा नं. ९ न.पा | १००००० |
| १२.१६ | हलिमेला खेलमैदान स्तर उन्नति | १३८००० |
| १२.१७ | वाजेवर देखी म्याङलुङ क्याम्पस मुनी सम्म ढलको मेनल कभर वडा नं. १० न.पा | ७५००० |
| १२.१८ | कृषक साझेदारीमा कृषी अनुदान कार्यकम वडा नं. १० न.पा | १००००० |
| १२.१९ | शारदा आ.बि. देखी कार्तिक डाडा सम्म सडक बाटो मर्मत संभार वडा नं. १० न.पा | १२५००० |
| १२.२० | अति बिपन्न परिवार स्वास्थ्य बिमा कार्यकम वडा नं. १० न.पा | २३००० |
| १२.२१ | प्रधानमन्त्री रोजगार कार्यकम साझेदारी वडा नं. १० न.पा | २५०००० |
| १२.२२ | धाराबर मुनी रोड देखी माथी पुजारीको घर सम्म फुट ट्रयाक निर्माण वडा नं. १० न.पा | १९०००० |
| १२.२३ | महिला स्वयम सेविकाहरुलाई सम्मान कार्यक्रम | १००००० |
| १२.२४ | जेष्ठ नागरिक अन्तरपुस्ता हस्तान्तरण दलित एकल महिला तथा वालवालिकाहरु सगँ उपमेयर कार्यक्रम | २००००० |
| १२.२५ | महिलाहरुको क्षमता तथा नेतृत्व विकास तालिम | १५०००० |
| १२.२६ | प्रशिक्षक प्रशिक्षण साझेदारी उपमेयर कार्यक्रम | २००००० |
| १३ | गत बर्षका योजना भूक्तानी | ५८४००० |
| १३.१ | नारायण बिक्रमको घर देखी भोज बहादुरको घर सम्म सिडी वडा नं. १० न.पा | ७५००० |
| १३.२ | केउरेनी खानेपानी उ.स. प्राबिधिक ब्यवस्थापन वडा नं. १० न.पा | ३००००० |
| १३.३ | तम्फुला खानेपानी उ.स वडा नं. १० न.पा | ९००० |
| १३.४ | महिला स्वयंसेविका अध्यायन अवलोकन भ्रमण वडा नं. १० न.पा | १००००० |
| १३.५ | पुजिंगत भैपरी वडा नं. १० न.पा | ५०००० |
| १३.६ | कृषकका लागि कृषी कार्यकम वडा नं. २ न.पा | ५०००० |
| | जम्मा | ५५०३०००० |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

अनुसूची-४

| | | |
|---|---|---|
| | **न्यायिक समिति तथा गरिब लक्षित उपमेयर कार्यक्रमहरु** | |
| १ | सवै वडाका वडा सदस्यहरुलाई कानुनी सचेतना कार्यक्रम | १००००० |
| २ | मेलमिलाप कर्ताहरलाइ पुन ताजकी कार्यक्रम तथा अन्तर पालिका न्यायिक समितिसगैं अनुभव आदानप्रदान कार्यक्रम | १९०००० |
| ३ | न्यायिक समिति व्यास्थापन , अतिथी सत्कार , भ्रमण अनुगमन तथा न्यायिक समिति बैठक भत्ता | २७५००० |
| ४ | कानुन सम्वन्धी तथा अन्य पुस्तक खरिद | ९०००० |
| ५ | न्यायिक समिति, राजस्व , महिला वालवालिका शाखा, अनुगम समिति, अन्तर पालिका अघ्यान अवलोकन | ३००००० |
| ६ | न्यायिक समिति मेलमिलाप कर्ताहरुलाई पारिश्रमीक | २०००० |
| ७ | महिला क्षमता तथा नेतृत्व विकास कार्यक्रम | १५०००० |
| ८ | न्यायिक समिति भैपरि विविध | ५०००० |
| | जम्मा | ११७५००० |
| | **गरिब लक्षित उपमेयर कार्यक्रम** | |
| १ | निशुल्क उपमेयर स्वास्थ्य विमा कार्यक्रम<br>सवै वडाका अति असक्त (ख वर्ग) अपाङ्गहरुको निशुल्क विमा कार्यक्रम | ३५०००० |
| २ | उपमेयर कार्यक्रम अन्तर्गत जिरिखिम्ती वजार केन्द्रित खुल्ला व्यायमशाला | ६००००० |
| ३ | उपमेयर स्वास्थ्य कार्यक्रम<br>टोलवस्तीमा जनचेतना मुलक पुरुषहरुको प्रोस्टेट, महिलाहरुको पाठेघर, आङखस्ने तथा स्थतन क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम | ४५०००० |
| ४ | छेलेडाडाँ सव नष्ट गर्ने फलामको समाधी | १८०००० |
| ५ | सपना कालि मन्दिर वडा नं ४ को मर्मत सम्वार | १००००० |
| ६ | पिलिङ्डाडाँ मन्दिर वडा नं ५ को मर्मत सम्वार | ३०००० |
| ७ | सेनिटरि व्याड डिस्पोजल मेसिन तथा स्वास्थ्य सामाग्री खरिद तथा वितरण | ३५०००० |
| ८ | जिरिखिम्ती आसोच गृह भवन निर्माण | २००००० |
| ९ | जिल्ला वाल संगठनको झाल ढोका मर्मत तथा रङ्ग रोक्न साथै खेल सामाग्रीहरु मर्मत | १००००० |
| १० | एकल पुरुष, महिला, अपाङ्गहरुलाई उपमेयर कार्यक्रम अन्तर्गत क्षमता अविवृद्धि तथा सिप मुलक तालिम | २००००० |
| ११ | उपमेयर ग्रामीण अल्ट्रासाउण्ड भिडियो एक्स-रे सेवा (गर्भवती आमाहरु लक्षित) | १३०००० |
| १२ | उपमेयर कप खुल्ला महिला फुटवल प्रतियोगिता खोरण्डे मेला (रनिङ्ग सिल्ड) | १५०००० |
| १३ | उपमेयर सम्मान कार्यक्रम<br>एकल पुरुष, उत्कृष्ट कर्मचारी, समय सिमाभित्र राजस्व वुझाउने, गुणर्तर योजना सम्पन्न गर्ने निर्माण व्यावसायी उपभोक्ता समिति, शिक्षक, पत्रकार , कृषक स्वास्थ्य कर्मी, कलाकार, खेलाडी तथा अन्य | १८०००० |
| १४ | जेष्ठ नागरिक अन्तरपुस्ता हस्तान्तरण, दलित , एकल महिला, महिला तथा वालवालिकाहरु सगैं उपमेयर कार्यक्रम | २००००० |
| १५ | गर्ववती सुत्केरी सगैं उपमेयर भेटघाट तथा पोषण सामाग्री वितरण कार्यक्रम | ५८०००० |
| १६ | सिप विकास तथा प्रविधि हस्तान्तरण साथै सामाजीक सास्कृतिक समुहलाई सामाग्री खरिद तथा हस्तान्तरण | ४००००० |
| १७ | उपमेयर छात्रवृद्धि कार्यक्रम उच्च शिक्षा अध्यानरत छोरी वुहारी | २००००० |
| १८ | वलिहाङ वहुउदेश्य सामाजिक सस्था घेरावेरा तथा मर्मत | १५०००० |
| १९ | गरिव लक्षित उपमेयर कार्यक्रम आर्थिक सहायत तथा विविध | २७५००० |
| | जम्मा | ४८२५००० |

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

अनुसूची-५

म्याङ्लुङ नगरपालिका १ नं. वडा कार्यालय

वडास्तरीय पुर्जीगत तथा चालु खर्चको विवरण

| सि.नं. | योजना तथा कार्यक्रमको नाम (पुर्जीगत तर्फ) | विनियोजित रकम |
|---|---|---|
| १ | दाहाल बारी खोल्सी देखी कर्मिचौतारा सम्म सडक स्तरोन्नती | ३००००० |
| २ | श्रीदले खापा ट्याङ्की देखी थलडाँडा पर्क सम्म सडक स्तरोन्नती | ३००००० |
| ३ | उतिसे ट्याङ्की देखी देउराली सोसाइटी सडक स्तरोन्नती | ३००००० |
| ४ | डाँडाखर्क भदौरे देखी भण्डारी पाटीसम्म सडक स्तरोन्नती | ५००००० |
| ५ | आयुर्बेद लाइनका सडक स्तर उन्नती | १५०००० |
| ६ | सरकारी वकिल कार्यालय देखी वडा कार्यालय सम्म सडक स्तरोन्ती | २००००० |
| ७ | आहाल डाँडा देखी सिस्ने खोला सम्म अग्नि नियन्त्रण रेखेका लागी सडक विस्तार | १००००० |
| ८ | वडा न १ का सडकहरु मर्मत सरसफाइ | १००००० |
| ९ | कृष्ण गुरुङको घर छेउ देखी गोरेटो बाटो मर्मत | १५०००० |
| १० | थलडाँडा पार्क संरक्षण | ५०००० |
| ११ | खानेपानी पाइप खरिद तथा वितरण | २००००० |
| १२ | विभिन्न संघ संस्था सहयोग तथा सामाग्री खरिद तथा बितरण | ३००००० |
| १३ | युवा, विपन्न बर्ग तथा अपाङ्गता भएका ब्यक्तीका लागी सिप विकास तालिम | १५०००० |
| १४ | कर शिक्षा कार्यक्रम तेह्रथुम उद्योग बाणिज्य संघ | १००००० |
| १५ | कृषकहरुका लागी कृषि विषेश कार्यक्रम | ३८०००० |
| १६ | सुख्खा ग्रस्त क्षेत्रका लागी प्लास्टर ट्याङ्की निर्माण सहयोग | १५०००० |
| १७ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| १८ | कृषी मल गोदाम आसपास देखी ड्यासको कार्यालय सम्म सडक बत्ती विस्तार | ९०००० |
| १९ | नागेश्वर शिवालय मूक्ति धाम देखी पिपरी चोक सम्म सडक बत्ति विस्तार | ९०००० |
| २० | महिला सचेतना कार्यक्रम | १००००० |
| २१ | महिला स्वास्थ्य स्वयं सेविका सहयोग कार्यक्रम | ५०००० |
| २२ | अति विपन्न परिवारका लागी स्वास्थ्य विमा कार्यक्रम | ११६००० |
| २३ | बरडाडा ट्याङ्की देखी थलडाडा जोड्ने सडक स्तरउन्नती | ३००००० |
| २४ | दलित विषेश कार्यक्रम | १००००० |
| २५ | कृया पूत्री भवन ब्यवस्थापन | १५०००० |
| २६ | भैपरी विविध | ४००००० |
| | पुँजिगत जम्मा | ४९२६००० |
| | चालु खर्च तर्फ विनियोजन | |
| १ | विद्दुत तथा खानेपानी | २२००० |
| २ | सञ्चार तथा पत्र पत्रिका | ४८००० |
| ३ | मसलन्द तथा कार्यालय सञ्चालन | २२०००० |
| ४ | अतिथि सत्कार | ५०००० |
| ५ | कार्यक्रम भ्रमण खर्च | ६०००० |
| ६ | विविध खर्च | १००००० |
| | जम्मा | ५००००० |
| | अन्य चालु | |
| १ | वडा समिति अध्ययन अवलोकन भ्रमण | ५०००० |
| २ | वडा कार्यालय परिषर सरसफाइ | २४००० |
| | जम्मा | ७४००० |
| | जम्मा | ५५००००० |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलङ नगरपालिका वडा नं. [illegible] तेह्रथुम

## वडास्तरीय पुर्जीगत तथा चालु खर्चको विवरण

| क्र.सं. | योजना / कार्यक्रमको नाम(पुर्जीगत तर्फ) | रकम |
|---|---|---|
| १ | सरस्वती साफा टोल सडक स्तर उन्नति म्याङलुङ्ग २। | ३००००० |
| २ | देवी खापुङको घर छेउदेखि राम ब. तुम्बाहाङफेको घर छेउ खोल्सा सम्म सडक स्तर उन्नति म्याङलुङ्ग २। | ३००००० |
| ३ | ईटा भट्टादेखि राम प्र. तिम्सीनाको घरसम्म सडक स्तर उन्नति। | १५०००० |
| ४ | बखत ब. तामाङको घर छेउदेखि थुम्की छेउ जोडने सडक विस्तार। | १५०००० |
| ५ | हुलाक अफिसदेखि मोहन ढुंगानाको घर छेउसमम सिंढी बाटो निर्माण। | १००००० |
| ६ | गोविन्द कुवरको घरदेखि नौले गाउँ जोडने सडक स्तर उन्नति। | १००००० |
| ७ | खोप केन्द्रदेखि सिस्ने खोलासम्म सडक स्तरउन्नति। | १००००० |
| ८ | मेयङलुङ्ग संचुम्बो (समाज) तेह्रथुम कार्यालय व्यवस्थापन म्या.न.पा.२। | १५०००० |
| ९ | चौतारी युवा क्लब कार्यालय व्यवस्थापन। | १००००० |
| १० | त्रिचोक आ.वि. लाफेटार म्या.न.पा.२। | ५०००० |
| ११ | आधारभूत स्वास्थ्य केन्द्र म्या.न.पा.२। | ५०००० |
| १२ | मन्जरी आमा समूह म्या.न.पा.२ प्लाष्टिक टेबल खरिद। | ५०००० |
| १३ | म्याङलुङ्ग नगर वन महासंघ। | ५०००० |
| १४ | जनजाती महासंघ तेह्रथुम। | २५००० |
| १५ | सक्षम महिला टोल विकास कार्यालय संचालन म्या.न.पा.२। | ३०००० |
| १६ | सल्लेरी ढाका साफा सुविधा केन्द्र म्या.न.पा.२। | ३०००० |
| १७ | नुनथला युवा क्लब म्या.न.पा.१। | ८०००० |
| १८ | भण्डारी टोल विकास समूह म्या.न.पा.२। | १००००० |
| १९ | गोदाम टोल बैठक टहरा निर्माण म्या.न.पा.२। | १००००० |
| २० | नेपाल तामाङ्ग घेदुङ्ग नगर कार्य समिति म्याङलुङ्ग। | ३०००० |
| २१ | युवा तथा खेलकुद। | १५०००० |
| २२ | वि.पी. स्मृति प्रतिष्ठान म्याङलुङ्ग १। | २५००० |
| २३ | वडा नं.२ भित्रका सडक मर्मत तथा स्तर उन्नति। | ६००००० |
| २४ | म्याङलुङ्ग नगरपालिका वडा नं.२ का कृषहरुकोलागि कृषि कार्यक्रम। | ९२०००० |
| २५ | प्लाष्टिक टनेल खरिद। | ३५०००० |
| २६ | खानेपानी प्लाष्टिक पाइप खरिद। | २५०००० |
| २७ | सन्तोष तामाङको घरदेखि मानेसम्म सिंढी बाटो निर्माण। | ५०००० |
| २८ | भैपरी विविध। | ६१०००० |
| | **जम्मा** | **५००००००** |

| क्र.सं. | **चालु तर्फ शिर्षक** | रकम |
|---|---|---|
| १ | स्टेशनरी तथा मसलन्द | २००००० |
| २ | सुचना तथा संचार | २५००० |
| ३ | मर्मत तथा संभार | ७५००० |
| ४ | भ्रमण भत्ता | ५०००० |
| ५ | विद्युत तथा खानेपानी | २५००० |
| ६ | विविध | १२५००० |
| | **जम्मा** | **५०००००** |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम कोशी प्रदेश नेपाल स्था : २०७३

म्याङलङ नगरपालिका वडा नं. ३ तेह्रथुम

## वडास्तरीय पुजींगत तथा चालु खर्चको विवरण

### पूजिंगत तर्फ

| क.स. | योजना तथा कार्यक्रम(पुजींगत तर्फ) | बिनियोजित रकम |
|---|---|---|
| १ | साङलीडाडा उराठे तिनखोप्रे सडक स्तरोन्नती | ९००००० |
| २ | त्रिचोक देखी सिमलबोट हूदे दूबे डाडा सडक सोलिङ्ग तथा सबवेस | ९००००० |
| ३ | कृषक सग कृषी कार्यक्रम | २५०००० |
| ४ | शिवरात्री पूजा तथा भलिवल प्रतियोगिता सञ्चालन | ६०००० |
| ५ | पशू प्राबिधिक व्यवस्थापन | १५०००० |
| ६ | कृष्ण प्रणामी शेवा आश्रम खाध्यान्य व्यवस्थापन | ३०००० |
| ७ | शिव मन्दिर पूजा व्यवस्थापन | ३०००० |
| ८ | नर्बूछोयोलिङ गूम्बा पूजा व्यवस्थापन | ३०००० |
| ९ | तेह्रथूम आ.बि. शैक्षिक सूधार, रगंरोकन तथा तारबार | १००००० |
| १० | पशू बिमा कार्यक्रम | २००००० |
| ११ | उराठे खेल मैदान स्तरोउन्नती | २००००० |
| १२ | सोनाम ल्योछार कप फूटवल संचालन | ३००००० |
| १३ | स्वाथ्थ बिमा कार्यक्रम | १००००० |
| १४ | गोठ सूधार साझेदारी कार्यक्रम | ३००००० |
| १५ | सबै ग्रमिण सडक सरसफाई तथा सबबेस | ३००००० |
| १६ | दलित तथा महिला सम्बन्धि कार्यक्रम | १००००० |
| १७ | बिबिध भैपरी | ४५०००० |
| १८ | सूचना संचार तथा संघसंस्था | १००००० |
| | **जम्मा** | **४५०००००** |
| | चालू तर्फ | |
| १ | कार्यालय संचालन स्टेसनरी | १८०००० |
| २ | भम्रण | ५०००० |
| ३ | संचार | २५००० |
| ४ | अतिथी सत्कार | ८०००० |
| ५ | ईन्धन | ३५००० |
| ६ | मर्मत | ६०००० |
| ७ | बिद्यूत तथा सरसफाई | ३५००० |
| ८ | बिबिध | ३५००० |
| | **जम्मा** | **५०००००** |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङ्लङ नगरपालिका वडा न. [illegible] तेह्रथुम

## वडास्तरीय पुर्जीगत तथा चालु खर्चको विवरण

### पूजिगत खर्च

| क्र.स | योजनाको नाम | विनियोजित रकम रु |
|---|---|---|
| १ | सडक सरसफाई साविक पिप्ले वडा नं. २ देखि ९सम्म सडक मर्मत | ५००००० |
| २ | सडक सरसफाई साविक पिप्ले वडा नं. १ र ४ | ७५००० |
| ३ | पाखिनको घरछेउबाट पिंगुवाखोला सडक स्तरउन्नती | २००००० |
| ४ | दशमुरे सडक स्तरउन्नती | १५०००० |
| ५ | चौबारी आत्माने सडक स्तरउन्नती | १५०००० |
| ६ | गोपाल श्रेष्ठको घरदेखि पौडेलडाँडा सम्म सडक स्तरउन्नती | २५०००० |
| ७ | पोतेढुंगा देखि पौडेलडाँडा सडक स्तरउन्नी | १५०००० |
| ८ | छोटीगाउँ नया सडक विस्तार | २००००० |
| ९ | केशव कोइरालाको घरहुँदै बाँजे खोल्सी सम्म सडक स्तरउन्नती | २००००० |
| १० | किसानहरुलाई ५०% साझेदारीमा मिनि टीलर वितरण | ४००००० |
| ११ | किसानहरुलाई ५०% साझेदारीमा गोठ सुधार कार्यक्रम | ४००००० |
| १२ | किसानहरुलाई साझेदारीमा युरीया मल वितरण | ३८०००० |
| १३ | विपद व्यावस्थापन तथा मृतक परिवारलाई सहयोग कार्यक्रम | १००००० |
| १४ | तिज विशेष कार्यक्रम | ६०००० |
| १५ | पिप्ले खानेपानी रुगालो व्यावस्थापन | १५०००० |
| १६ | जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग तथा सम्मान | १५०००० |
| १७ | वडा कार्यालय हल प्लास्टर, रेलिङ्ग तथा मर्मत | २००००० |
| १८ | पिप्ले दुग्ध चिस्यान व्यावस्थापन | ५०००० |
| १९ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| २० | जनता आ.वि व्यावस्थापन | १००००० |
| २१ | कालिका आ.वि व्यावस्थापन | १००००० |
| २२ | हीमालय मा.वि व्यावस्थापन | १००००० |
| २३ | भैपरी तथा विविध | ३३५००० |
| | **जम्मा रकम रु.** | **४५०००००** |

### चालु खर्च

| क्र.स | योजनाको नाम | विनियोजित रकम रु |
|---|---|---|
| १ | दैनिक कार्यालय संचालन तथा स्टेसनरी | १५०००० |
| २ | अतिथि सत्कार तथा खाजा व्यावस्थापन | १२०००० |
| ३ | मेसिनरी सामाग्री मर्मत | ४५००० |
| ४ | भ्रमण खर्च | ५०००० |
| ५ | सुचना संचार, विद्युत तथा खानेपानी | ३५००० |
| ६ | कार्यालय कोठा मर्मत तथा व्यावस्थापन | १००००० |
| | जम्मा रकम रु. | ५००००० |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलुङ नगरपालिका वडा नं ५ तेह्रथुम

वडास्तरीय पुजींगत तथा चालु खर्चको विवरण

| सि नं | योजना तथा कार्यक्रमको नाम(पुजींगत तर्फ) | विनियोजित रकम |
|---|---|---|
| १ | हरिहर आवि हुँदै तिलोक सिं डाँडा सम्म सडक स्तरोन्नती | ६००००० |
| २ | शिवथान खानेपानी मर्मत | १५०००० |
| ३ | रमिते खानेपानी मर्मत | ७५००० |
| ४ | घामडाँडा कृषि समुह स्थागत विकास | ५०००० |
| ५ | अनुग्रह चर्च व्यवस्थापन | १५०००० |
| ६ | ए डि वि खानेपानी मर्मत | २५०००० |
| ७ | देविथाने कुलो मर्मत | १००००० |
| ८ | खेलमैदान मर्मत | २००००० |
| ९ | पुँजिगत पुर्वाधार विविध तथा साझेदारी | २१०००० |
| १० | थापाटोल हुँदै नरकटे खानेपानी बिस्तार र मर्मत | ३००००० |
| ११ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| १२ | धर्मद्वार खानेपानी मर्मत | १००००० |
| १३ | अम्फुवा दोभान मलामि खाजाघर निर्माण | २५०००० |
| १४ | आधारभुत स्वास्थ्य केन्द्र विघ्दुत महसुल तथा सामाग्री व्यवस्थापन | १००००० |
| १५ | महिला तथा महिला स्वयमं सेविका र आमा समुह लागि विषेश कार्यक्रम | १००००० |
| १६ | विस्मुरे हुँदै नरकटे सडक विस्तार | २००००० |
| १७ | भाषा प्रवर्द्धन शिक्षण ३ वटा विघ्यालय | ३६०००० |
| १८ | ३ वटै आधारभुत विघ्यालयका लागि बालकक्षा व्यवस्थापन | १५०००० |
| १९ | वडाका सडकहरुमा कज्वे निर्माण | २५०००० |
| २० | वडा नं ५ विविघ खानेपानी व्यवस्थापन | १७५००० |
| २१ | मेन्छ्यायेम केलाङ समुहका लागी समुह व्यवस्थापन | ५०००० |
| २२ | भैपरी विविध | ३००००० |
| | पुँजिगत जम्मा | ४२२०००० |
| | चालु खर्च विनियोजन | |
| १ | विद्दुत तथा खानेपानी | १०००० |
| २ | सञ्चार तथा पत्र पत्रिका | ४८००० |
| ३ | मसलन्द तथा कार्यालय सञ्चालन | २२०००० |
| ४ | अतिथि सत्कार | ५०००० |
| ५ | कार्यक्रम भ्रमण खर्च | ६०००० |
| ६ | विविध खर्च | ११२००० |
| | जम्मा | ५००००० |
| | थप चालु | |
| १ | वडा समिति भ्रमण तथा भत्ता | १५०००० |
| २ | कृषि प्राविधिक पारिश्रमिक | १३०००० |
| | जम्मा | २८०००० |
| | कुल जम्मा | ५०००००० |

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम कोशी प्रदेश नेपाल स्था : २०७३

संजय कुमार तुम्बाहाङफे
नगर प्रमुख

म्याङलङ नगरपालिका वडा नं. ६ तेह्रथुम

## वडास्तरीय पुजीगत तथा चालु खर्चको विवरण

| पूँजीगत तर्फ | | |
|---|---|---|
| क्रस | कार्यक्रमको नाम | विनियोजित रकम |
| १ | गैरीटोल कृषक समूह भवन निर्माण | रु.५,००,०००।- |
| २ | श्री महायन उर्गेन छ्योलिङ बौद्ध गुम्बा मर्मत | रु.५,००,०००।- |
| ३ | ६ नं. वडा भित्रका विभिन्न सडकहरु सरसफाई | रु.४,००,०००।- |
| ४ | कालिका मा.वि. सन्चालन अनुदान तथा ट्रस निर्माण | रु.४,००,०००।- |
| ५ | फापरवारी खा.पा. | रु.२,००,०००।- |
| ६ | सिंमिनाक्सी हुँदै भुसुने जोड्ने सडक मर्मत | रु.३,००,०००।- |
| ७ | बदेले खानेपानी मर्मत | रु.२००,०००।- |
| ८ | अम्फुवाबुङ सडक मर्मत | रु.२,००,०००।- |
| ९ | भैपरी विविध | रु.४,००,०००।- |
| १० | जंगजगे मौलो संरक्षण | रु.२,००,०००।- |
| ११ | सरस्वती आ. वि. | रु.१,००,०००।- |
| १२ | मौलेडाँडा आ. वि. | रु.१,००,०००।- |
| १३ | नवजिवन दुग्ध सहकारी | रु.१,५०,०००।- |
| १४ | जलजले लास राख्ने स्थल निर्माण | रु.१,५०,०००।- |
| १५ | विसाउने चौतारा देखि एमपि कान्छाको घरसम्म कुलो मर्मत | रु.१,००,०००।- |
| १६ | श्री कृष्ण मन्दिर निर्माण मेक्वना | रु.४,००,०००।- |
| १७ | निरौला गाउँ मेक्वना सम्म खानेपानी मर्मत | रु.२,००,०००।- |
| १७ | पदमध्वोज घरछेउ जलकन्या देवी मन्दिर मर्मत | रु.९५,०००।- |
| १९ | सूर्य फुयलको देखि क्याम सम्म जाने फुट ट्र्याक निर्माण | रु.१३५,०००।- |
| २० | अपांगता विविध कार्यक्रम | रु.३०,०००।- |
| २१ | बृद्ध विस्राम कुर्सी खरिद | रु.३०,०००।- |
| | जम्मा | रु. ४७,९०,०००।- |

| चालु तर्फः | | |
|---|---|---|
| क्रस | कार्यक्रमको नाम | विनियोजित रकम |
| १ | विधुत तथा खानेपानी | २०,००० |
| २ | संचार खर्च (कार्यालय प्रयोजन) | ६,००० |
| ३ | भ्रमण खर्च | ६५,००० |
| ४ | मसलन्ध तथा कार्यालय सामाग्री | २१०००० |
| ५ | विविध | १९९००० |
| ८ | वडा समिति बैठक भत्ता | १४४००० |
| ९ | विविध चालु | ६६,००० |
| | जम्मा | ७१०,००० |

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख

म्याङलुङ नगरपालिका म्याङलुङ तेह्रथुम कोशी प्रदेश नेपाल स्था : २०७३

म्याङलङ नगरपालिका वडा नं ७ तेह्रथुम

वडास्तरीय पुर्जीगत तथा चालु खर्चको विवरण

| क्र.स | योजनाको नाम(पुजींगत तर्फ) | विनियोजन रकम |
|---|---|---|
| १ | दलित अपाङ्ग महिला स्वयमसेविका तथा जेष्ठ नागरिक सम्मान म्या -७ | ८०००० |
| २ | एकल पुरुष ६० वर्ष देखि ७९ वर्ष सम्म (सामाजिक सुरक्षा भता नखानेलाई ) | ४८००० |
| ३ | गरिव तथा विपन्न घरधुरीका परिवारको स्वास्थ्य विमा कार्यक्रम म्या ७ | २५०००० |
| ४ | कृषि तथा प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम म्या ७ | ४८०००० |
| ५ | ७ नं वडाका विधालयहरुलाई स्टेसनरी तथा आवश्यक सामाग्रीहरु म्यानपा ७ | ८०००० |
| ६ | ७ नं वडाका धार्मीक मठ मन्दिरहरु व्यावस्थापनलाई म्यानपा ७ | ७०००० |
| ७ | वडा भित्रका विभिन्न जाति भाषा धर्म संस्कार सस्कृती संरक्षण म्यानपा ७ | ७०००० |
| ८ | वडा भित्रका विपन्न परिवारहरुलाई मलामी खाजा तथा दाहासस्कार सहयोग म्या ७ | ७०००० |
| ९ | जनसेवा वचत तथा ऋण सहकारी सस्थालाई कार्यालयमा सामाग्री खरिद तथा सचेतना कार्यक्रम | १५०००० |
| १० | आम्वुङ स्वास्थ्य चौकीलाई कार्यालय व्यवस्थापन तथा पुन खोप म्यानपा ७ | २५००० |
| ११ | सार्वजनिक तथा वडा शौचालन सरसफाई म्या न पा ७ | २४००० |
| १२ | सामुदायिक उपभोक्ता महासंघ नेपाल नगर महासंघ म्याङलुङको वन व्यावस्थापन | २५००० |
| १३ | युवा तथा महिला खेलकुद म्या न पा ७ | १२५००० |
| १४ | महिला क्षमता विकास कार्यक्रम म्या न पा ७ | ४७००० |
| १५ | ७ नं वडा भित्र रहेका पशु विमा तथा कृषक प्रोत्साहन कार्यक्रम | ९०००० |
| १६ | भगवती मा वि र सिंह कालि आबि का २ जना शिक्षकहरुको पारिश्रमिक | ३१२००० |
| १७ | भैपरि विविध म्यानपा ७ | ३७०००० |
| १८ | भण्डारी गाउँ हुदैं सामुदायिक भवन जोड्ने सडक स्तर उन्नती तथा ढुंगे साघु मोडबाट दिङला गोड तर्फ जाने साडक स्तरउन्नती | ३००००० |
| १९ | संन्सारी देखि घुम्ती हुदै चिहान डाँडा सम्म फुट ट्याक ओपेन म्यानपा ७ | २००००० |
| २१ | गट्टे डाडाँ खानेपानी रिजर्व ट्याङ्की निर्माण म्या ७ | २००००० |
| २२ | कर्मा छोलिङ वौधगुम्वा स्टेज निर्माण तथा चैते आ विको खेल मैदान मर्मत म्या ७ | ४००००० |
| २३ | सिहकाली आ वि ट्रस निर्माण म्या ७ | १६०००० |
| २४ | सिहं देवी मन्दिर निर्माण आम्वुङ डाडाँटोल म्या ७ | १५०००० |
| २५ | ढुंगे साघोको अधुरो सामुदायिक भवन ट्रस निर्माण म्या ७ | १६०००० |
| २७ | दिङला धारादेखी सिहंकाली आवि हुदैं कालिका मन्दिर जोड्ने बाटो स्तर उन्नती मया ७ | १५०००० |
| २८ | गड्तौलाको घरबाट गुम्वा जाने सडर मोड सुधार तथा स्तर उन्नती म्या ७ | २२०००० |
| २९ | म्याङलुङ क्याम्पसलाई अतिरिक्त कार्यक्रम म्या ७ | ४०००० |
| ३० | सुर्य फुयलको घर देखि क्याम सम्म जाने फुट ट्र्याक म्यानपा ७ | १५०००० |
| ३१ | सोनाम छ्यालिङ बौद्धगुम्वा म्याङ्लुङ ७ | ३५०००० |
| ३३ | भगवती माविलाई लिम्वुभाषा शिक्षक | १०४००० |
| | जम्मा | ४९००००० |

| क्र. स | शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | मसलन्द कार्यालय समाग्री म्यानपा ७ | १७०००० |
| २ | सञ्चार तथा पत्र पत्रिका म्यानपा ७ | १५००० |
| ३ | अतिथी सस्कार म्यानपा ७ | ८५००० |
| ४ | मर्मत तथा सामाग्री खरिद म्यानपा ७ | ५४००० |
| ५ | भ्रमण भता म्यानपा ७ | ५०००० |
| ६ | विद्युत तथा खानेपानी म्यानपा ७ | १२००० |
| ७ | ईन्धन कार्यालय प्रयोजन म्यानपा ७ | ३०००० |
| ८ | कार्यालय व्यावस्थापन तथा सरसफाइ म्यानपा ७ | १५००० |
| ९ | विविध म्यानपा ७ | ६९००० |
| १० | वडा समिति वैठक भत्ता | १००००० |
| | जम्मा | ६००००० |

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

म्याङलङ नगरपालिका वडा नं. ८ तेह्रथुम

## वडास्तरीय पुर्जीगत तथा चालु खर्चको विवरण

पूँजीगत तर्फ

| क्र.स | कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण म्याङ्लुङ-८ | ९,००,०००।- |
| २ | शिक्षक पारिश्रमीकी (तीन वटा विद्यालय सुधार) | ४,६८,०००।- |
| ३ | दुई वटा विद्यालयलाई अंग्रेजी माध्यम पुस्तक खरिद | ४०,०००।- |
| ४ | भैपरी विविध | ३,५०,०००।- |
| ५ | प्रधामन्त्री रोजगार कार्यक्रम साझेदारी | ३,००,०००।- |
| ६ | डाडागाउँ सामूदायिक भवनमा चर्पि तथा खानेपानी | २,००,०००।- |
| ७ | सुलसुले सडक मर्मत | ६०,०००।- |
| ८ | ठुलोधार सडक मर्मत | २,५०,०००।- |
| ९ | सामुदायिक उपभोक्ता महासंघ नेपाल नगर महासंघ म्याङलुङको वन व्यावस्थापन | ५०,०००।- |
| १० | दुलालडाँडा देखि मेन्छेययाम जोड्ने सडक | ३,५०,०००।- |
| ११ | आचार्य डाँडा देखि नेवार गाउँ हुँदै घुम्ती जोड्ने सडक | ३,००,०००।- |
| १२ | खड्काधारा खानेपानी मुहान संरक्षाण | ८८,०००।- |
| १३ | साजुधारा खानेपानी मर्मत संहार | ५०,०००।- |
| १४ | बडा दशै विभिन्न खेल संचालन आम्बुङ | १,५०,०००।- |
| १५ | च्याहङमा देवि मन्दिर संरक्षण | ३,००,०००।- |
| १६ | क्लव भवन मर्मत कोवेक | १,५०,०००।- |
| १७ | भिरवारी देखि कोवेक स्कूल सम्म जाने सडक मर्मत | ३,००,०००।- |
| १८ | चिहान डाँडा देखि नरिमाने जाने सडक मर्मत | २,००,०००।- |
| १८ | व्यामशालाको लागि सामाग्री खरिद | १,५०,०००।- |
| | **जम्मा** | ४६,५६,०००।- |

चालु तर्फ

| क्रस | कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | विघुत तथा खानेपानी | २०,०००।- |
| २ | संचार खर्च (कार्यालय प्रयोजन) | ६,०००।- |
| ३ | भ्रमण खर्च | ६०,०००।- |
| ४ | मसलन्ध तथा कार्यालय सामाग्री | २,१५,०००।- |
| ५ | विविध | १,९९,०००।- |
| ६ | चालु विविध तथा मसलन्ध | २,००,०००।- |
| ७ | वडा समिति बैठक भत्ता | १,४४,०००।- |
| | **जम्मा** | ८,४४,०००।- |

संजय कुमार तुम्बाहाङफे
नगर प्रमुख

म्याङलुङ नगरपालिका वडा नं. ९ तेह्रथुम

वडास्तरीय पुजीगत तथा चालु खर्चको विवरण

| क्र. सं. | योजना तथा कार्यक्रमहरुको नाम (पुजीगत) | विनियोजित बजेट रु. |
|---|---|---|
| १ | म्या.न.पा. ९ भित्रका बादर आतङ्क न्यूनिकरण तथा व्यवस्थापन | १०५००० |
| २ | आनिपान (लिम्बू) भाषा शिक्षण (तिन वटा विद्यालय) शिक्षक पारिश्रमिक | ९०००० |
| ३ | जेष्ठ नागरिक, एकल महिला, अपांग तथा बालबालिका सम्मान कार्यक्रम | १०५००० |
| ४ | युवा लक्षित कार्याक्रम | १०५००० |
| ५ | स्वास्थ्य चौकी साब्ला सुधार कार्यक्र र कार्यालय व्यवस्थापन | ३०००० |
| ६ | युवा तथा खेलकुद विकास कार्यक्रम | १५०००० |
| ७ | म्या.न.पा. ९ भित्रका सामुदायिक विद्यालय शैक्षिक सुधार कार्यक्रम | १०५००० |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | ३००००० |
| ९ | खानेपानी पाइप वितरण | ९९००० |
| १० | कृषि विशेष कार्यक्रम | ३००००० |
| ११ | धर्म, सस्कार, संस्कृति संरक्षण तथा प्रवर्धन | ७५००० |
| १२ | बिपन्न नागरिक बिपद्मा सहयोग तथा आर्थिक सहामयता | २३५००० |
| १३ | हलिमेला खेलमैदान स्तर उन्नति | १७५००० |
| १४ | नयाँ वडा कार्यालय भवन व्यवस्थापन | १७५००० |
| १५ | भैपरि विविध | २७६००० |
| १६ | गैरीगाउँ जातेढुङ्गा समाधि स्थल नजिकै मलामी खाजाघर निर्माण | १५०००० |
| १७ | रमिते चौतारा देखि नेवार गाँउ हुदै मनिकुमारको घरसम्म फुट ट्रयाक तथा शिवथान मन्दिर संरक्षण | १००००० |
| १८ | धर्मपुर स्कुल देखि नारायण मा.वि. हुदै वडा कार्यालय सम्मको सडक स्तरोन्नती | २००००० |
| १९ | फुदोङ चौतारा देखि युगबहादुर फुदोङको घर हुदै मध्यपहाडी जोड्ने सडक विस्तार | १७५००० |
| २० | पाटीगाँउ पाटी मर्मत सुधार | ५०००० |
| २१ | फुदोङ टोल देखि चारभैया रानीपोखरी हुदै जिरिखिम्तीसम्म जोड्ने फुट ट्रयाक | १०५००० |
| २२ | पिङवुङ डाडा भन्ज्याङ सडक विस्तार | १२५००० |
| २३ | साब्ला खानेपानी स्तरोन्नती | २५०००० |
| २४ | टुक्के खानेपानी ट्याङ्की मर्मत सुधार | ७५००० |
| २५ | साविक साब्ला ६ खानेपानी स्तरोन्नती | ५५००० |
| २६ | पिगुवा कुलो विपद मर्मत संभार | ७५००० |
| २७ | ऐतिहासिक गढी छराय थेगुयक संरक्षण तथा निर्माण | ११०००० |
| २८ | चारआने देखि याङखारासम्म सडक विस्तार तथा स्तरोन्नती | ३००००० |
| २९ | वडा नं. ९ सडक मर्मत सुधार | २२०००० |
| ३० | साब्ला सामुदायिक भवन तथा व्याडमिन्टन कोण मर्मत सुधार | १७५००० |
| ३१ | दशकते पार्क मर्मत सुधार | ७५००० |
| ३२ | पधेंरे देखि सिमलबोटे कुलो निर्माण | १०५००० |
| ३३ | वडा कार्यालय मुनि देखि साबिक ४ नं. सडक स्तरोउन्नती | १०५००० |
| ३४ | चारआने घुम्तीबाट हेमबहादुर भुजेलको घर हुदै आम्बुङ जाने सडक निमार्ण | ७५००० |
| ३५ | जिरिखिम्ती ग्लोबल बैंक अगाडीबाट गैरीगाउँ जाने बाटो मर्मत संभार | ७५००० |
| ३६ | स्वार्गिक मार्ग संघ (प्रेमवाद) को भवन व्यवस्थापन | ७५००० |
| | कुल पुजिगत विनियोजन जम्मा रु. | ५०००००० |

| क्र. सं. | कार्यकमको नाम (चालु) | विनियोजित बजेट रु. |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय संचालन | १८०००० |
| २ | विद्युत तथा खानेपानी | २५००० |
| ३ | सुचना तथा संचार (कार्यालय प्रयोजन) | २०००० |
| ४ | अतिथी सत्कार | ४०००० |
| ५ | कार्यक्रम भ्रमण खर्च | ८८५०० |
| ६ | मर्मत (मेशिनरी उपकरण) | ४०००० |
| ७ | विविध | १०६५०० |
| | कुल चालु खर्च जम्मा रु. | ५००००० |
| | जम्मा पुजिगत र चालु विनियोजन रकम रु. | ५५००००० |

संजय कुमार तुम्बाहाङफे
नगर प्रमुख

म्याङलुङ नगरपालिका
म्याङलुङ तेह्रथुम

म्याङलुङ नगरपालिका वडा नं. १० तेह्रथुम

## वडास्तरीय पुँजीगत तथा चालु खर्चको विवरण

| सि.नं. | योजनाको नाम (पुजींगत तर्फ) | रकम |
|---|---|---|
| १ | वडा क्षेत्र भित्रका सडक बाटाहरु सरसफाइ तथा मर्मत सुधार | १५०००० |
| २ | कामीधारा–शारदा आ.वि.सडक स्तर उन्नति | १००००० |
| ३ | शारदा आ.वि. छेउ आहाल मर्मत | १००००० |
| ४ | थापावारी देखि केउरानी लिफ्टिङ मुहान सम्म गोरेटो बाटो निर्माण | ७५००० |
| ५ | शारदा आ.वि. देखि कार्तिक डाडा सम्म सडक बाटो मर्मत संभार | ३००००० |
| ६ | लिम्बुनी डाडामा विश्रामस्थल पाटी निर्माण | ३००००० |
| ७ | रातमाटे मलामी खाजा खाने ठाउँमा खानेपानी व्यवस्थापन | ५०००० |
| ८ | मेघनाथ को घर छेउ देखि श्रीपालीडाडा सम्म सडक स्तरउन्नती | १००००० |
| ९ | सिम्राहा सडक बाट मानेधारा सम्म गोरेटो बाटो सिढी निर्माण | ७५००० |
| १० | बगरे सामुदायिक भवन छेउ बाट अमृत कार्कीको घर सम्म सडक स्तर उन्नती | १००००० |
| ११ | पुष्प धारा खानेपानी मुहान संरक्षण तथा मर्मत संभार | १००००० |
| १२ | लक्ष्मी प्रा.वि.छेउ बाट पुरानो हेल्थपोष्ट सम्म सडक स्तर उन्नती | १५०००० |
| १३ | ओम प्र लिम्बुको घर छेउ बाट रिङरोड सम्म सडक स्तर उन्नती | १५०००० |
| १४ | सिम्राहा सडक कुमारको घरछेउ टर्निङ बाट ओम प्र.लिम्बुको घर सम्म सडक स्तर उन्नती | ५०००० |
| १५ | तुंग अधिकारी घरछेउ बाट खाल्डे बस्ती सम्म सडक स्तर उन्नती | १००००० |
| १६ | आले बाँस बारी देखि मुखिया माईलाको घर सम्म सडक विस्तार | ५०००० |
| १७ | मिल डाडा देखि कमेरे सम्म बाटो मर्मत | १००००० |
| १८ | पुरानो हेल्थपोष्ट हुदै सुस्लिङ बाट सिहिकपुङग पुछार सम्म सडक विस्तार तथा मर्मत संभार | २००००० |
| १९ | गौतमको घर हुदै खाल्डे जाने औरालो गोरेटो बाटो सिढी निर्माण | १००००० |
| २० | हरी कुमारको घरदेखि टर्निङ रोड सम्म सिढी निर्माण | १००००० |
| २१ | नारायण विक्रमको घरदेखि साव्ला जाने पुरानो बाटो सम्म सिढी ढलान | ७५००० |
| २२ | पोखरी एकिकृत समाज सेवाको संस्थालाई पलाष्टिक टेवल कुर्सी सेट खरिद | ५०००० |
| २३ | बाँसकुवामा २ वटा खानेपानी टयाङकी मर्मत | ५०००० |
| २४ | लक्ष्माण तुम्वाहाङफेको बारी टर्निङ देखि लकेशको घर माथी सम्म सिढी निर्माण | १००००० |
| २५ | म्याङलुङ क्याम्पसमा फर्निचर खरिद तथा व्यवस्थापन | ५०००० |
| २६ | सरस्वती मा.वि शैक्षिक सुधार | ५०००० |
| २७ | जलकन्या आ.वि.भौतिक सुधार कार्यक्रम | १००००० |
| २८ | युवा टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | १००००० |
| २९ | महिला सचेतान कार्यक्रम | १००००० |
| ३० | अति विपन्न परिवार स्वास्थ्य विमा कार्यक्रम | ७५००० |
| ३१ | कृषक साझेदारीमा कृषि अनुदान कार्यक्रम | २००००० |
| ३२ | अति विपन्न परिवार पक्की शौचालय निर्माण सामग्री सहयोग कार्यक्रम | ७५००० |
| ३३ | केउरेनी खानेपानी उ.स.प्राविधिक व्यवस्थापन | २७५००० |
| ३४ | विपद व्यवस्थापन, जनचेतना तथा राहत वितरण कार्यक्रम | १००००० |
| ३५ | बालबालिका, युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| ३६ | तम्फुला खानेपानी उ.स.प्राविधिक व्यवस्थापन | ३००००० |
| ३७ | केउरानी लिफ्ट सिचाई विद्युत महसुल तथा प्राविधिक व्यवस्थापन | १३५००० |
| ३८ | त्रिकन्या आ.वि. आनेपान भाषा प्रर्वद्धन कार्यक्रम | ९५००० |
| ३९ | पुजीगत भैपरी | ४००००० |
| | जम्मा | ४८८०००० |

चालु तर्फ

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | कार्यालय संचालन तथा मसलन्द | १९५००० |
| २ | विद्युत तथा खानेपानी | २५००० |
| ३ | सुचना तथा संचार | ६००० |
| ४ | दैनिक तथा भ्रमण खर्च | ७४००० |
| ५ | मर्मत संभार | ३०००० |
| ६ | अतिथी सत्कार | ५५००० |
| ७ | विविध | ११५००० |
| ८ | वडा समिति बैठक भत्ता | १२०००० |
| | चालु तर्फको कुल जम्मा | ६२०००० |

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख